# नेपाल राष्ट्र बैंक
## प्रेस समाचार

# गभर्नर डा. नेपाल र नेपाल बैंकर्स संघको प्रतिनिधि मण्डलबीच भेटवार्ता

गभर्नर डा. चिरंजीबि नेपालसँग नेपाल बैकर्स सघको प्रतिनिधि मण्डलले २०७२ साउन २५ गते भेटवार्ता गऱ्यो ।

भेटवार्ताका क्रममा गभर्नर डा. नेपालले आ.व. २०७२/७३ को मौद्रिक नीतिमा बैंक तथा वित्तीय संस्थाका लागि चुक्ता पुँजी वृद्धिका सन्दर्भमा लिएको निर्णय उपयुक्त र समय सापेक्ष रहेको बताउनु भयो । पर्याप्त छलफल र नेपालको अर्थतन्त्र र बैंकिङ क्षेत्रको गहन विश्लेषण गरी यो निर्णय लिइएको बताउनु हुदै गभर्नर डा. नेपालले हाल देशमा १९३ को संख्यामा बैंक तथा वित्तीय संस्था रहेकोमा १३ वटा वित्तीय संस्था समस्याग्रस्त भएकाले वित्तीय स्थायित्वका लागि पनि चुक्ता पुँजी वृद्धिको नीति लिइएको जानकारी गराउनु भयो । पुँजी वृद्धिबाट वित्तीय स्थायित्वमा सकारात्मक प्रभाव पर्ने बताउनु हुँदै उहाँले पुँजी वृद्धिका लागि मर्जरका अतिरिक्त नयाँ लगानीकर्ता भित्र्याउने, लगानीकर्ताबाटै थप लगानी हुन सक्ने जस्ता विकल्पहरू रहेको उहाँले उल्लेख गर्नु भयो ।

विगत केही वर्षदेखि नयाँ बैंक तथा वित्तीय संस्थाको इजाजत प्रदान गर्न रोकिएको सन्दर्भमा बैंक तथा वित्तीय संस्थामा लगानी गर्न इच्छुक नयाँ लगानीकर्तालाई समेत बैंक तथा वित्तीय संस्थामा लगानीका लागि स्वागत गर्नुपर्ने उहाँले बताउनु भयो ।

गभर्नर डा. नेपालले बैंकको पुँजी २ अर्ब तोक्दाको समयमा देशको कुल गार्हस्थ उत्पादन करीब रु ६०० अर्ब रहेकोमा गत वर्ष कुल ग्रार्हस्थ उत्पादन रु. २१०० अर्बको हाराहारीमा पुगिसकेकाले पुँजी वृद्धि पश्चात् पनि देशभित्र प्रशस्त अवसरहरू सृजना हुने, मध्यमस्तरका पूर्वाधार परियोजनामा लगानी गर्न स्वदेशी बैंक/वित्तीय संस्थावाट वित्तीय स्रोत जुटाउन सकिने हुँदा बैंक तथा वित्तीय संस्थाहरू आत्मविश्वासका साथ अघि बढ्नु पर्ने बताउनु भयो । यस सम्बन्धमा कुनै समस्या भए राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थासँग समन्वय गरी अघि बढ्न तयार रहेको उल्लेख गर्दै उपयुक्त रणनीतिका साथ आजैदेखि अघि बढे चुक्ता पुँजी वृद्धिका लागि दिइएको २ वर्षको समय पर्याप्त हुने कुरा उहाँले बताउनु भयो ।

यसअघि बैंकर्स संघका अध्यक्ष उपेन्द्र पौडेललगायतका प्रतिनधिहरूले राष्ट्र बैंकले चुक्ता पुँजी वृद्धिका सम्बन्धमा लिएको निर्णय सही रहेको तर समय पर्याप्त नभएको बताउनु हुँदै पुँजी वृद्धिका विकल्पहरूको खोजी र कार्यान्वयनका लागि समेत पर्याप्त समय लाग्ने उल्लेख गर्नु भएको थियो ।

भेटका अवसरमा डेपुटी गभर्नर महाप्रसाद अधिकारी तथा बैंकका अन्य उच्च अधिकृतहरूले समेत आफ्नो विचार राख्नु भएको थियो ।

**२०७२ साउन २५ गते सोमबार**

**गभर्नरको कार्यालय**